आज मिति २०८२/०६/२६ गते दिउसो ११:०० बजे बैजनाथ गाउँपालिकाका अध्यक्ष श्री प्रकाश बहादुर शाहीको अध्यक्षता तथा कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउ कार्यपालिकाको बैठक बसी देहाय बमोजिम निर्णय गरीयो ।

उपस्थिति

| | |
|---|---|
| श्री प्रकाश वहादुर शाही | अध्यक्ष |
| श्री निर्मला रोकाया | उपाध्यक्ष |
| श्री रुप वहादुर मल्ला | वडा नं १ अध्यक्ष |
| श्री राजु रुचाल ठकुरी | वडा नं २ अध्यक्ष |
| श्री निखिल वैगार | वडा नं ३ अध्यक्ष |
| श्री प्रेम वहादुर शाही | वडा नं ४ अध्यक्ष |
| श्री देव वहादुर रावत | वडा नं ५ अध्यक्ष |
| श्री भुपाल पुन मगर | वडा नं ६ अध्यक्ष |
| श्री दिनेश कुमार थारु | वडा नं ७ अध्यक्ष |
| श्री भगन थारु | वडा नं ८ अध्यक्ष |
| श्री रुपा थापा | का पा सदस्य |
| श्री भुमिसरा राना | का पा सदस्य |
| श्री मन्जु ओली | का पा सदस्य |
| श्री कृष्णा कुमारी सुनार | का पा सदस्य |
| श्री फरुद्दिन हलवाई | का पा सदस्य |
| श्री कमान सिह सुनार | का पा सदस्य |
| श्री धर्मराज न्यौपाने | सदस्य सचिव |
| श्री तसराज आचार्य | शाखा अधिकृत |

प्रस्तावहरुः

१. करार तथा ज्यालादारी कर्मचारीहरुको सेवा निरन्तरता सम्बन्धमा ।
२. एकीकृत सेवा संचालन सम्बन्धमा ।
३. कृषि तथा पशु तर्फका कर्मचारीहरुको कार्य तोक्ने सम्बन्धमा ।
४. उपचार खर्च भुक्तानी सम्बन्धमा ।
५. ज्यालादारीमा एम्बुलेन्स चालक राखे सम्बन्धमा ।
६. भूमि समस्या सम्बन्धि कार्य निरन्तरता सम्बन्धमा ।
७. आवश्यक मर्मत गर्ने सम्बन्धमा ।
८. खाजा खर्च भुक्तानी गर्ने सम्बन्धमा ।
९. सूचना प्रबिधि अधिकृतको सेवा सुबिधा सम्बन्धमा ।
१०. आर्थिक सहयोग समबन्धमा ।
११. रास्ट्रिय परिचयपत्र नम्बर E-palika system मा समावेश गर्ने सम्बन्धमा ।
१२. मेशिनरी तथा औजार खरिद सम्बन्धमा ।
१३. मेडिकल अधिकृतको थप सेवा सुबिधा सम्बन्धमा ।
१४. कार्यक्रम संशोधन सम्बन्धमा ।
१५. वडा नं ६ को प्रशासनिक भवन निर्माण सम्बन्धमा ।
१६. हिउँदे घाँसको बिउ खरिद सम्बन्धमा ।
१७. वृक्षरोपण बापतको भुक्तानी रकमं अनुमोदन सम्बन्धमा ।

निर्णयहरुः

१. प्रस्ताव नं १ माथि छलफल गर्दा अर्थ मन्त्रालयको प.सं. २०८२/०८३ च.नं. ११६ मिति २०८२/०६/०७ गतेको पत्रानुसार खर्च कटौती र मितव्ययिता कायम गर्ने गरी बुंदा नं ५ मा संगठन संरचना सुधारका लागि परिपत्र भएकोमा यस बैजनाथ गाउँपालिका देशकै धेरै जनसंख्या भएको गाउँपालिका भएको, गाउँपालिका कार्यालय तथा अन्तर्गत रहेका वडा कार्यालय लगायतका कार्यालयहरुमा स्थायी कर्मचारीहरुको दरबन्दी मात्रले कामको चाँप धान्न नसकिने साथै स्थायी दरबन्दीमा केहि पद रिक्त समेत रहेको हुँदा यस गाउँपालिकाले बिनियोजन गरेको बजेट कार्यान्वयनमा आउने समस्यालाई मध्यनजर गर्दै हाल यस गाउँपालिका वा अन्तर्गत रही करार सेवा तथा दैनिक ज्यालादारीमा कार्यरत कर्मचारीहरुको सेवालाई निरन्तरता दिने निर्णय गरियो ।
२. प्रस्ताव नं २ माथि छलफल गर्दा यस गाउँपालिका कार्यालय परिसरमा निर्माण भएको सेवाग्राही कक्षबाट एकीकृत सेवा गाउँपालिका अन्तर्गतका सम्पूर्ण शाखा तथा वडाहरुबाट अनिबार्य रुपमा लागु गर्ने गरी संचालन गर्ने निर्णय गरियो ।

प्रकाश बहादुर शाही
अध्यक्ष

३. प्रस्ताव नं ३ माथि छलफल गर्दा यस गाउँपालिका अन्तर्गत कृषि विकास तथा पशु सेवा शाखामा कार्यरत कर्मचारीहरुलाई वडामा रहेर सेवा प्रबाह गर्नेगरी कार्यविभाजनका लागि कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

४. प्रस्ताव नं ४ माथि छलफल गर्दा यस कार्यालयको नाममा दर्ता रहेको भे १ झ २९७ नं को पिकअप गाडी बैजनाथबाट सिमलघारी हुँदै नेपालगंज जाने क्रममा मिति २०८२/०३/२६ गते दिउसो १२:५० बजे नेपालगंज-गुलरिया हुलाकी राजमार्ग सडक खण्डको बाँके जिल्ला खजुरा गाउँपालिका वडा नं ७ स्थित गुनानामा दुर्घटना हुँदा ऐ.ऐ. बस्ने बर्ष १३ को रहिमान खाँ घाइते भई निजको उपचारको क्रममा लागेको औषधि उपचार खर्च खर्च रकम रु.१,५९,८०९|- र खाना/खाजा तथा बिरामी कुरुवा खर्च रकम रु.२९,०००|- भैपरी आउने खर्च शिर्षकबाट भुक्तानी गर्ने निर्णय गरियो ।

५. प्रस्ताव नं ५ माथि छलफल गर्दा यस बैजनाथ गाउँपालिका अन्तर्गत चिसापानी स्वास्थ्य चौकीमा रहेको एम्बुलेन्स यस अघि नियुक्त गरिएका हलुका सवारी चालकसंग करार सम्झौता भंग भई उक्त एम्बुलेन्सबाट प्रदान गर्नुपर्ने सेवा ठप्प भएको हुँदा हाललाई अर्को व्यवस्था नभए सम्मका लागि बैजनाथ-१, बाँके निवासी श्री टोपेन्द्र प्रकाश चन्द (ना.प्र.प.नं. : १७१४४) लाई दैनिक ज्यालादारीमा कामकाजमा लगाउने निर्णय गरियो ।

६. बैजनाथ गाउँपालिका अन्तर्गत रहेको भूमिहीन दलित, भूमिहीन सुकुम्बासी तथा अव्यवस्थित बसोबासी सेवा केन्द्रले गर्दै आएको कामलाई निरन्तरता दिने निर्णय गरियो ।

७. बैजनाथ गाउँपालिका अन्तर्गतका देहायका सडकबाटोहरु वर्षातको कारणले क्षति भएको र नेपालीहरुको महान चाड तिहार समेत नजिकै आई रहेको हुँदा अबश्यकताको आधारमा १० (दश) लाखको मातहतमा रही गाउँपालिकाको प्रकोप कोषबाट खर्च व्यहोर्ने गरी सडक सडक मर्मत सम्भार गर्ने निर्णय गरियो ।

तपसिल

क. गुनापुर देखि लालपुर हुँदै सम्झना जोड्ने बाटो

ख. गुनापुरदेखि रामपुर गाउँपालिका जोड्ने बाटो

ग. सुतैया देखि बैरहवा जोड्ने बाटो

८. बैजनाथ गाउँपालिका स्तरीय भूमि समस्या समाधान सहजीकरण समितिको विभिन्न मितिमा बसेको बैठकमा खाएको खाजा नास्ता बापतको रकम रु. १८,२४०|- भुक्तानी गर्ने निर्णय गरियो ।

९. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय अन्तरगत प्रदेश तथा स्थानीय शासन सबलीकरण कार्यक्रम (PLGSP) कार्यक्रम समन्वय ईकाई को आ.व. २०८२/८३ च.नं. ५९ मिति २०८२/०६/०५ गतेको प्राप्त पत्रानुसार स्थानीय तहमा सूचना प्रविधि अधिकृत परिचालन सम्बन्धी कार्यविधि - २०८२ को दफा ६ (१) (२) र (३) बमोजिम सूचना प्रविधि अधिकृतको योग्यता, पारिश्रमिक तथा सेवा सुविधा लोक सेवा आयोगले कम्प्युटर ईन्जिनियरिङ वा कम्प्युटर अधिकृत रा.प. तृतिय श्रेणी वा प्रदेश तथा स्थानीय तहको नियमानुसार अधिकृत स्तर सातौं बमोजिम हुनेछ भनी उल्लेख भएकोले यस गाउँपालिका अन्तर्गत कार्यरत सूचना प्रविधि अधिकृतको सोहि अनुसार सेवा/सुविधा हुने गरी तह मिलान गर्ने निर्णय गरियो ।

प्रकाश बहादुर शाही
अध्यक्ष

गाउँपालिका
कार्यालय
२०७३